का.जि.प्र.का.द.नं. १००/०५१/५०
१५ चैत २०७८,
मंगलबार
29 March 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ५२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# निर्धक्क प्रधानमन्त्री
## ■ गठबन्धनमा आश

प्रधानमन्त्री शेरबहादुर देउवा पछिल्लो समय ढुक्कले राजनीति गरिरहेका छन् । सरकार चलाइरहँदा होस् या अर्न्तराष्ट्रिय सम्बन्ध र आन्तरिक राजनीतिमा देउवाकै विश्वास बमोजिम नतिजा देखिने गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

आसन्न स्थानीय तहको चुनावमा गठबन्धन गर्ने वा नगर्नेमा कांग्रेस नेताहरु विभाजित छन् । तर, सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा भने गठबन्धन कायम रहनेमा आशावादी मात्रै छैनन्, ढुक्क देखिन्छन् ।

जारी केन्द्रीय समितिमा सभापति देउवाले गठबन्धनको पक्षमा निर्णय नै गर्ने तयारी गरेको एक नेता बताउँछन् । आफुले चाहे अनुसार निर्णय गराउने देउवाको आफ्नै कला छ । चुनावी गठबन्धन आवश्यक छ भन्नलाई उनले आफैँलाई देखाएका छन् । केन्द्रीय कार्य समिति बैठकमा शेखर कोइराला सहित नेताले गठबन्धन गर्न नहुने मत राखेपछि देउवाले भने, '२०७४ मा गठबन्धन नहुँदा मैले नै बालबाल जितेको हुँ यार ।'

सभापति देउवाको भनाइमा समर्थन जनाउँदै गृहमन्त्री रहेका कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाँणले सरकार बनाउँदा तीनै तहको चुनावमा गठबन्धन गर्ने सहमति भएको बताए । 'सहमति कांग्रेसले तोड्नु हुँदैन, गठबन्धन बचाउनु पर्छ । गठबन्धन गर्दा कांग्रेसको संगठन पनि बिगार्नु हुँदैन' खाँणले भने ।

– बाँकी पृष्ठ २ मा



'सरकार बनाउँदा तीनै तहको चुनावमा गठबन्धन गर्ने सहमति भएको थियो । सहमति कांग्रेसले तोड्नु हुँदैन, गठबन्धन बचाउनु पर्छ ।'

**बालकृष्ण खाँण**
गृहमन्त्री

'गठबन्धन नभए कांग्रेसले चुनावपछि सरकार बनाउन सक्छ ? सक्दैन । यसकारण गठबन्धन हाम्रो लागि भन्दा कांग्रेसलाई आवश्यक छ ।'



**शक्तिबहादुर बस्नेत**
नेता, माओवादी केन्द्र

## संस्थापन इतरको अडान कायमै

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

सरकारको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेस संस्थापन इतर नेताहरु सत्ता गठबन्धनबीच साझा उम्मेद्वार बनाउन तयार भएका छैनन् । प्रधानमन्त्री एवं सभापति शेरबहादुर देउवा गठबन्धन जसरी पनि जोगाउने बताइरहँदा संस्थापन इतर नेताहरु भने गठबन्धन नगरी चुनावमा जानुपर्ने अडानमा छन् ।

जारी केन्द्रिय समिति बैठकमा डा. शेखर कोइराला समूहका नेताहरु गठबन्धनको विपक्षमा उभिएका छन् । 'के का लागि गठबन्धन गर्ने, किन गठबन्धन गर्ने ? कांग्रेसभित्रै एकता गरौं, एक्लै चुनावमा जाऔं' डा.शेखरको अडान छ । सिद्धान्त नै नमिल्ने माओवादी केन्द्र लगायत दलसँग गठबन्धन गरेर चुनावमा जान नहुने उनको तर्क छ । तर सभापति

– बाँकी पृष्ठ २ मा

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संकटमा वैकल्पिक शक्ति

नेपालको राजनीतिमा वैकल्पिक शक्तिको परिकल्पनाको चर्चा नयाँ होइन । तर, त्यो वैकल्पिक शक्ति राष्ट्रिय राजनीतिमा आफ्नै कारण किनारामा धकेलिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ चैत ।



नयाँ दल गठन हुँदा सबैको एउटै दावी हुन्छ- वैकल्पिक शक्ति । तर वैकल्पिक राजनीतिको नयाँ बाटो बनाउन हिंडेका अभियन्ताहरु नै पछिल्लो समय छिन्नभिन्न छन् । पछिल्लो उदाहरण हो- विवेकशील साझाको आन्तरिक विवाद ।

यो पार्टीमा रवीन्द्र मिश्र हावी छन् । उनले संयोजक मिलन पाण्डे सहित नेताहरुलाई कारबाही नै गरेर उनीहरुको भूमिका कमजोर बनाएका छन् । तर, पाण्डे सहित नेताहरु पनि के कम, पार्टीमा बलियो रहेका मिश्रलाई स्पष्टीकरण सोधिरहेका छन् ।

विवेकशील साझा पार्टीको असन्तुष्ट पक्षले सोमबार मात्रै पार्टी अध्यक्ष मिश्रलाई निस्कासन किन नगर्ने भनेर ३ दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । जेष्ठ सदस्य भीम अधिकारीको नेतृत्वमा बसेको बैठकले पार्टीको हित विपरित गरेकाले स्पष्टीकरण सोध्ने निर्णय गरेको हो ।

मिश्रले केही दिन अगायिड प्रदेश संयोजकहरु तोक्नुका साथै २६ जना केन्द्रीय सदस्यलाई निष्कासन गर्ने निर्णय सुनाएका थिए । मिश्रको सोही निर्णयको काउण्टरमा असन्तुष्ट समूहले स्पष्टीकरण सोध्ने निर्णय गरेको हो । र दुबै समुह एकले गरेको निर्णय अर्कोले नमान्ने निर्णयमा पुगेका छन् । असन्तुष्ट समूहले आइतबार अध्यक्ष मिश्रले गरेको निर्णय अस्वीकार गर्ने निर्णय गरेको छ । उता मिश्रले पनि असन्तुष्ट समूहको स्पष्टीकरणलाई रेस्पोन्स नै नगर्ने भएका छन् ।

पार्टीका प्रवक्ता शरदराज अधिकारी असन्तुष्ट समूहको क्रियाकलाप अवैधानिक, अराजक र उच्छृङ्खल भएको बताउँछन् । 'पार्टीको बैठक विधि, विधान र बैठक सञ्चालन कार्यविधि अनरुप नभई हुलहुज्जत र बाहुबलका आाधारमा सञ्चालित गराउने सुनियोजित प्रयास सफल नभएपछि उहाँहरुले यस्तो गतिविधि गर्नु भएको हो' उनले भनेका छन् । नयाँ शक्तिको दुहाई दिएर आएको बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी नै उपेन्द्र यादव नेतृत्वको पार्टीमा बिलय भयो । नयाँ शक्तिको रुपमा उदाउने भनिरहेको राप्रपा आफैँमा विभाजित छ ।

मधेश केन्द्रीत दलहरु पनि टुटफुटमा रमाएर ठूला दलको साहाराले चुनाव लड्न खोज्दैन् । समग्रमा

– बाँकी पृष्ठ २ मा

# रोल्पा पुगे, 'रोल्पा'सम्झिए

हरेक राजनीतिक घटनालाई आफ्नो पक्षमा पार्न माहिर प्रचण्डले आगामी चुनाव नजिते मुलुक अप्ठ्यारोमा पर्ने बताउँदै आएका छन् । अघिल्ला चुनावहरुमा जस्तै यसपटक पनि प्रचण्ड आफ्ना कार्यकर्तालाई उत्साहित पार्ने क्रममा प्रचण्डले माओवादी केन्द्रलाई मुलुक, लोकतन्त्र र संविधानसँग जोड्दै आएका छन् ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड चुनावी अभियानका क्रममा सोमबार रोल्पा पुगेका छन् । सदरमुकाम लिवाङमा आयोजित सभा सम्बोधन गर्न प्रचण्ड रोल्पा पुगेका हुन् । रोल्पा पुगेर प्रचण्डले माओवादी केन्द्रका निम्ति आउने चुनाव अर्थपूर्ण रहेको बताए ।

हरेक राजनीतिक घटनालाई आफ्नो पक्षमा पार्न माहिर प्रचण्डले आगामी चुनाव नजिते मुलुक अप्ठ्यारोमा पर्ने बताउँदै आएका छन् । अघिल्ला चुनावहरुमा जस्तै यसपटक पनि प्रचण्ड आफ्ना कार्यकर्तालाई उत्साहित पार्ने क्रममा प्रचण्डले माओवादी केन्द्रलाई मुलुक, लोकतन्त्र र संविधानसँग जोड्दै आएका छन् ।

सोमबार भने प्रचण्डले रोल्पासँग आफ्नो राजनीतिक करिअर र माओवादी आन्दोलनलाई जोडे । सशस्त्र विद्रोहको प्रमुख क्षेत्र रहेको रोल्पाकै बलमा सिंहदरबारमा आफू लडिरहेको प्रचण्डको भनाइ थियो । 'तपाईंहरुकै बलमा सिंहदरबारमा लड्ने हो । अहिले पनि प्रतिक्रियावादी शक्ति राम्रो करा उल्ट्याउन लागिरहेका छन्', प्रचण्डले भने ।

प्रचण्डले प्रतिक्रियावादी शक्तिसँग अहिले पनि हतियार बिना लडिरहेको बताए । 'लडाइँ स्तै छ । हामीलाई घेरा हालेर सक्न खोजका छन्, हामी घेरा तोडेर विजयी हुन खोजिरहेका छौं', प्रचण्डको भनाइ थियो ।

यसअघि पनि प्रचण्ड राजनीतिक संकट देखिदा रोल्पा, रुकुम लगायत क्षेत्र पुगेर भावनात्मक भाषणा गर्ने गरेका थिए । २०६४ सालमा माओवादी प्रमुख राजनीतिक शक्तिका रुपमा निर्वाचित हुँदा प्रचण्ड रोल्पाबाटै निर्वाचित भएका

– बाँकी पृष्ठ २ मा

# ३५ म्यानपावरविरुद्ध गोप्य अनुसन्धान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगार व्यवसायमा सुधारका लागि उच्चतम प्रयास जारी राखेको बताएका छन् । सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले सुधारका कामहरू तिव्रताका साथ अघि बढाउने बताएका हुन् ।

वैदेशिक रोजगारमा विपन्न अवस्थाका कामदार जाने गरेको र उनीहरूको सुरक्षामा मन्त्रालयको प्रमुख चासो रहने भन्दै मन्त्री श्रेष्ठले उनीहरूलाई ठगी गर्नेविरूद्ध मन्त्रालय निर्ममरूपमा प्रस्तुत हुने बताए । कारबाही र सुधारका कामलाई साथसाथै अघि बढाएर वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि रहेका बेथितिहरूको अन्त्य गर्न आफ्नो नेतृत्वमा मन्त्रालयले काम गरिरहेको मन्त्री श्रेष्ठको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकसँग सरकारले तोकेभन्दा धेरै रकम लिई ठगी गरिरहेको सूचना आएपछि विभिन्न म्यानपावर कम्पनीलाई



कारबाहीको दायरामा ल्याइएको बताउँदै मन्त्री श्रेष्ठले ठगीको २ करोड ६० लाख रूपैयाँ फिर्ता गराएको र थप ४ करोड रूयैयाँ ठगीको उजुरीमा छानविन भइरहेको जानकारी दिए ।

उनले भने, '३५ वटा म्यानपावर कम्पनीविरूद्ध ठगीको विषयमा अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गरिरहेका छौं । ठगीको घटनामा उच्च राजनीतिक तथा प्रशासनिक नेतृत्वबाट जस्तोसुकै दबाब आएपनि छोडिने छैन ।'

वैदेशिक रोजगारीमा जाने कामदारलाई बिना झन्झट सरल तरिकाबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको, गुनासाहरु तत्काल सम्बोधनको व्यवस्था गर्न वैदेशिक रोजगार सम्बन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी एकाइ गठन गर्ने तयारी भएको भन्दै मन्त्री श्रेष्ठले हाललाई वैदेशिक रोजगार विभागमा प्रहरी युनिट स्थापना गरिएको बताए ।

वैदेशिक रोजगारीका लागि कामदारले महँगो शुल्क तिर्नु परिरहेको

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मञ्चको नयाँ नेतृत्वद्वारा महानिर्देशकको ध्यानाकर्षण

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको समाधानका लागि वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलको ध्यानाकर्षण गराएको छ ।

मञ्चका नवनिर्वाचित अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा सोमबार गएको मञ्चको प्रतिनिधिमण्डलले श्रम स्वीकृतिमा रहेका झन्झटिला पक्ष र वैदेशिक रोजगार ऐन र नियमावलीमा रहेका अनुदार प्रावधान सुधारको माग गरेको हो । महानिर्देशक पौडेललाई सुधारका ७ बुँदे ज्ञापनपत्र बुझाएको बताउँदै मञ्चका

– बाँकी पृष्ठ २ मा

## कुवेतमा महिलाहरूलाई रोजगार

१. कम्पनी : WAEL AL NUSIF TRADING& CO. W.l.l. — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१२/१४ — चलानी नं.: ६०१७६७८७ — LT. No.: 260546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | - | 100 | स. काममा दक्ष | 85 | ३३,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L. — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१२/११ — चलानी नं.: ६०१७६५७८ — LT. No.: 260372 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | - | 50 | स. काममा दक्ष | 150 | ५९,९६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा Cashier लागि २०७८ चैत १९ गते (2 April 2022) र Cleaner को लागि २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Licence No. 753/064/065
MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Nagarjun-4, Sitapaila, Kathmandu. Tel: 01-4034677 , 9808577289, 9851125275, 9860836178, Email: manakamanamfec1@gmail.com

## निर्धक्क...

कांग्रेस प्रवक्ता प्रकाशशरण महतका अनुसार, मंगलबार कांग्रेसले स्थानीय तहमा गठबन्धन गर्ने र त्यसको मोडल के हुन सक्छ ? भनेर जवाफ दिनेगरी निर्णय गर्नेछ । 'गठबन्धन नहुने भन्ने छैन् । तर, मोडलका विषयमा साथीहरुका फरक फरक सुझाव छन् । सबैलाई समेटेर मंगलबार निर्णय गर्ने तयारी छ' महतले मध्यान्हसँग भने ।

## जे भन्ने, त्यही गर्ने

प्रधानमन्त्री देउवाको एक वर्षे अडान, अभिव्यक्ति र निर्णयले पनि राष्ट्रिय राजनीतिमा उनको विश्वास बलियो देखिन्छ । अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी सम्झौताको विषयमा प्रधानमन्त्री देउवा ढुक्कले पास हुने भनी सार्वजनिक अभिव्यक्ति दिन्थे । नेकपा माओवादी केन्द्रको महाधिवेशन उद्घाटनमै गएर देउवाले एमसीसी पास हुने भन्दै सहयोग मागे । गएको १५ फागुनमा त्यही दल माओवादी केन्द्र सहितका दलहरुको समर्थनमा एमसीसी प्रतिनिधिसभाबाट अनुमोदन भयो ।

यसलाई उनको अर्न्तराष्ट्रिय सम्बन्धप्रतिको कन्फिडेन्सका रुपमा समेत कतिपयले लिने गरेका छन् । एमसीसी पास नगरे अर्न्तराष्ट्रिय सहयोगमा पर्न सक्ने असरलाई रोकेको भनी देउवालाई कतिपयले कुशल राजनीतिज्ञको संज्ञा दिएका छन् । माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायत दलहरुको असन्तुष्टि सम्बोधन गर्न नेपालको तर्फबाट एकतर्फी रुपमा ब्याख्यात्मक घोषणा पारित गरेर देउवाले एमसीसी नै पारित गराए । जुन काम चाहेर पनि नेकपा एमाले नेतृत्वको अघिल्लो सरकारले सकेको थिएन् । एमसीसीबारे लिएको अडान जस्तै प्रधानमन्त्री बन्न पनि देउवा प्रष्ट थिए । तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा विवाद चलिरहँदा पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल पटक पटक देउवालाई भेट्थे र प्रधानमन्त्री बन्न आग्रह गर्दथे । तर, नेकपा एकै रहँदा कसरी म प्रधानमन्त्री बन्न सक्छु ? भन्ने प्रश्न गर्दै नेकपा फुटे प्रधानमन्त्री हुन्छु भन्थे ।

केपी शर्मा ओली नेतृत्वको सरकारले ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटन गरे । त्यसपछि प्रचण्ड र माधव नेपाल सडक आन्दोलनमै उत्रिए । देउवालाइ भेटेर सडक आन्दोलनमा सहकार्यको प्रस्ताव राखे । तर, देउवा नेकपा नफुट्दासम्म सडक र सदनमा कांग्रेस एक्लै रहेको जवाफ दिन्थे । सोही अनुसार कांग्रेसले एक्लै आन्दोलन गरेर संसद विघटनको विरोध गरे ।

विघटित प्रतिनिधिसभा ११ फागुन २०७७ मा सर्वोच्च अदालतबाट पुनःस्थापित भयो । त्यसपछि प्रचण्ड र माधव नेपालले देउवालाई प्रधानमन्त्रीको अफर गरे । फेरि पनि देउवाले नेकपा एकै रहेको देखाए । तर, २३ फागुन २०७७ मा सर्वोच्च अदालतले नेकपा नाम सम्बन्धी विवादमा नेकपा माओवादी र नेकपा एमालेको अस्तित्व ब्युताइदियो । त्यसपछि एमाले पनि सग्लो नरहने स्थिति देखा परेपछि देउवा प्रधानमन्त्री बन्न तयार भए । देउवा प्रधानमन्त्री बन्न तयार भएपछि ओलीले फेरि ७ जेठ २०७७ मा मध्यरात प्रतिनिधिसभा विघटन गरे । त्यसपछि देउवा, प्रचण्ड र माधव नेपालको सहकार्य भयो । सोही अनुसार सर्वोच्च अदालतमा संसद विघटनविरुद्ध मुद्दा लिएर सँगै गए, मुद्दा जितेर अहिलेसरकार चलाइरहेका छन् । र अझै गठबन्धन निरन्तर रहेनमा उनी ढुक्क छन् । देउवाले प्रदेश र संघको चुनावमा पनि गठबन्धन हुनेमा प्रष्ट छन् । यही प्रशंगमा उनले आफुले २०७४ सालको चुनाव बल्ल बल्ल जितेको प्रसंग जारी केन्द्रीय समितिको बैठकमा कोट्याएका हुन् ।

पार्टीभित्र पनि प्रधानमन्त्री देउवा आफ्नो पक्षमा नतिजा ल्याउन सफल देखिएका छन् । २०७४ सालको चुनावमा पार्टीले अनेपक्षित हार बेहोरेपछि पार्टी सभापतिमा दोहोरिएर पार्टीलाई ठुलो बनाएर प्रधानकन्त्री हुने चाहना राखेका थिए । र यसमा पनि ढुक्कले अघि बढिरहेका छन् । सभापतिमा पनि उनले दुई पटक चुनाव गराएर भएपनि जित हात पारेरै छाडे । गत मंसिर तेस्रो साता भएको चुनावमा उनलाई चुनौती दिनेहरु देखा परेपनि स्पष्ट बहुमतसहित पार्टी नेतृत्वमा बाजी मारे । अब उनी चुनाव गरेर चुनावपछि फेरि पनि आफैं प्रधानमन्त्री हुन खोजिरहेका छन् । त्यसका लागि पनि उनी ढुक्क छन् । यसको पछाडिको आधार भनेको गठबन्धन नै हो । यसकारण पनि उनी गठबन्धनमा आश राख्छन् ।

गठबन्धनमा रहेका दलहरु पनि चुनावी गठबन्धन आफुहरुका लागि भन्दा कांग्रेसका लागि भएको बताउँछन् । माओवादी केन्द्रका नेता शक्तिबहादुर बस्नेत भन्छन्, ' गठबन्धन नभए कांग्रेसले चुनावपछि सरकार बनाउन सक्छ ? सक्दैन । यसकारण गठबन्धन हाम्रो लागि भन्दा कांग्रेसलाई आवश्यक छ ।'

## संस्थापन ..

देउवाले भने चुनावमा राम्रो परिणाम ल्याउन गठबन्धन आवश्यक रहेको तर्क गर्दै आएका छन् ।

'माओवादीलाई गिरिजाबाबुले शान्ति प्रक्रियामा ल्याउनुभएको हो, मैले हो ?,' देउवाको प्रश्न छ, ' माओवादीले मलाई पनि एम्बुस हानेका हुन् । पुराना कुरा भुलेर गठबन्धन गरेर जाऔं ।' सभापति देउवालाई वरिष्ठ नेता रामचन्द्र पौडेलले समेत साथ दिएका छन् ।

'ओलीलाई फेरि बलियो बनाउने काम गर्न हुन्न । यसका लागि बरू सत्ता गठबन्धनलाई सँगै लैजाऔं, माओवादी र समाजवादीलाई पनि भोट दिऔं' वरिष्ठ नेता पोडैलको भनाइ छ । तर, कांग्रेसका महामन्त्री गगन थापाले भने गठबन्धन भन्दा पनि एक्लै चुनावमा जानेतर्फ सोच्नुपर्ने बताएका छन् ।

'अहिले गठबन्धन गरेर नयाँ मतदातालाई रूख बाहेक अन्य चिन्हमा भोट हाल्न लगाउँदा अर्को चुनावमा ती मतदाताले कांग्रेसका लागि रूखमै भोट हाल्छन् भन्ने ग्यारेन्टी नहुनेतर्फ सचेत रहनुपर्छ,' महामन्त्री थापाले बैठकमा भनेका छन् । तर, अर्को महामन्त्री विश्वप्रकाश शर्माले भने आवश्यकताअनुसार गठबन्धन गर्न सकिने बताएका छन् ।

महामन्त्री शर्माले भने ०७४ मा पार्टीले धेरै सिट गुमेको हुँदा त्यसको क्षतिपूर्तिका लागि भए पनि अन्य दलसँग गठबन्धन गर्नुपर्नेमा उनको जोड थियो । कांग्रेसका केन्द्रीय सदस्य एवं गृहमन्त्री वालकृष्ण खाँडले भने गठबन्धन जोगाएरै चुनावमा जानुपर्ने बताएका छन् । 'पाँच दलीय गठबन्धनबाट सरकार बनेको छ । यसलाई जोगाउन पनि गठबन्धन आवश्यक छ,' नेता खाँडको भनाइ छ । नेता खाँडको विचारमा सहमति जनाउँदै केन्द्रीय सदस्य लेखकले गठबन्धनको निरन्तरता हुनुपर्ने बताए ।

'कांग्रेसले गठबन्धन सरकारको नेतृत्व गरिरहेको छ । हामीले सरकारलाई असजिलो हुने गरी निर्णय गर्न हुन्न,' उनले भने, 'तर गठबन्धन गर्दा स्थानीय नेता तथा कार्यकर्ताको मनोविज्ञानलाई पनि ख्याल गरिनुपर्छ ।' चुनावी गठबन्धनबारे अधिंकाश नेताहरु सकारात्मक भएपनि केही नेताहरु भने गठबन्धन गर्ने नहुने बताउँछन् । ५ दलीय गठबन्धनलाई निरन्तरता दिन सभापति देउवा र वरिष्ठ नेता पौडेल लगायत सकारात्मक देखिदा गठबन्धनको सम्भावना भने बढेको छ । स्थानीय चुनाव लक्षित अभियानका लागि देशका ७७ जिल्लाका गाउँ-गाउँ पुगेर फर्केका केन्द्रीय सदस्यहरूले बैठकमा पार्टीको अवस्थाबारे ब्रिफिङ समेत गरेका थिए । गत चुनावमा कांग्रेसले ल्याएको भोट र कम्युनिष्टहरू विभाजन हुँदा अहिले कांग्रेसले लिन सक्ने फाइदाबारे केन्द्रित रहेर विवरण रिपोर्ट पेश गरेका थिए ।

## संकटमा ...

हेर्दा नेपालमा वैकल्पिक शक्तिको परिकल्पना जुन रुपमा भएको थियो त्यो रुपमा अगाडि नै बढ्न नसकेको बताउँछन् राजनीतिक विश्लेषक कृष्ण पोखरेल । 'कांग्रेस, एमाले र माओवादी केन्द्रको विकल्प खोज्ने भन्ने तर, तिनै दलको शैली अपनाउने र चुनावमा तिनै दलको भर पर्ने प्रवृति वैकल्पिक शक्ति निर्माणको बाधक हो'। उनले भने ।

## रोल्पा...

थिए । तर त्यसपछि भने प्रचण्डले आफ्नो निर्वाचन क्षेत्र लगातार फेरिरहेका छन् । २०७० को निर्वाचनमा प्रचण्ड काठमाडौं-१० र सिराहाबाट उम्मेद्वार बने । काठमाडौंबाट पराजित भए ।

तर पनि प्रचण्डले रोल्पाको प्रशंग ल्याउने र त्यस क्षेत्र पुगेर राजनीतकि आन्दोलनबाट बोल्न छोडेका छैनन् । २०७४ को निर्वाचनमा प्रचण्डले काठमाडौं र सिराहा पनि छोडे । नेकपा एमालेसँग गठबन्धन गरेको उक्त निर्वाचनमा प्रचण्ड चितवनबाट निर्वाचित भएका थिए । फेरि पनि प्रचण्ड चितवनबाटै उम्मेद्वार बन्ने आँकलन भइरहँदा सोमबार रोल्पा पुगेका थिए । त्यहाँ पुगेर प्रचण्डले रोल्पामा विकासको गति अगाडि बढेको बताएका थिए । 'मैले रोल्पामा यति चाँडै विकास होला भन्ने सोचेको थिइनँ', प्रचण्डले भनेका थिए । प्रचण्डको यस्तो अभिव्यक्ति र रोल्पा भ्रमणलाई चासोका साथ हेरिएको छ ।

## ३५ म्यानपावरविरुद्ध...

वर्तमान बाध्यात्मक अवस्थाको अन्त्य गर्न मन्त्रालयमा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई लाग्ने अधिकतम शुल्क र सो प्रक्रियामा सहजीकरण गर्दा लाग्ने अधिकतम सेवा शुल्कलगायत सम्बन्धमा अध्ययन गर्न कार्यदल बनाइएको उनले बताए । तर तत्काल फ्रि भिसा र फ्रि टिकटको व्यवस्था भने हटाउन नसकिने उनले स्पष्ट पारे । उनले भने, 'सेवा शुल्कमा के सुधार गर्न सकिन्छ कार्यदलले प्रतिवेदन दिनेछ, तर चुनावको मुखमा पुरानो निर्णयमा परिवर्तन हुने अवस्था छैन ।'

गत शुक्रबार कतार, यूएई र सिसेल्सको भ्रमण गरी स्वदेश फर्केका मन्त्री श्रेष्ठले आगामी जुनभित्र कतारसँग नयाँ श्रम समझदारीको हस्ताक्षर गर्ने सहमति भएको र आफुले मन्त्रालयको नेतृत्व लिएपछि नयाँ गन्तव्य मुलुकका रुपमा बेलायत, माल्दिभ्स, सिसेल्स र इजरायलमा निर्माण श्रमिकको लागि श्रम सम्झौता गर्न श्रम वार्ताहरु तीव्ररुपमा अगाडि बढाइएको बताए ।

विदेशस्थित नेपाली दूतावासबाट मागपत्र प्रमाणीकरण गर्दा ६ महिनाभन्दा लामो समय लाग्दा डिमाण्ड नेपाल आउने अवस्था नदेखिएको भन्दै मन्त्री श्रेष्ठले त्यसमा सुधार गर्न रोजगारदातालाई वैदेशिक रोजगार सूचना प्रणाली (फेमिस) को पासवर्ड उपलब्ध गराई एकै महिनाभित्र डिमाण्ड नेपाल आउने र तत्काल कामदार जान पाउने व्यवस्था गरिने पनि बताए ।

मन्त्री श्रेष्ठले मलेसियाबाट नेपाली कामदारका लागि डिमाण्ड आउन भइरहेको ढिलाइ र यसअघिको श्रम सम्झौता कार्यान्वयन गराउन आफू केही समयपछि मलेसियाको भ्रमणमा जान लागेको पनि जानकारी दिए ।

मन्त्री श्रेष्ठले सूचना प्रविधिको अधिकतम उपयोग गरी श्रम स्वीकृतिलाई पेपरलेस बनाउने, नेपालको आप्रवास कूटनीतिलाई थप व्यवस्थित बनाउन विभिन्न श्रम गन्तव्य मुलुकमा अवैतनिक श्रम सद्भाव दूत नियुक्ति गर्ने पहल गर्ने, औपचारिक तथा अनौपचारिक दुबै क्षेत्रका श्रमिकलगायत विदेशमा रहेका नेपाली नागरिकलाईसमेत सामाजिक सुरक्षा प्रणालीमा समावेश गर्ने आफ्नो योजना रहेको बताए ।

स्वदेश तथा वैदेशिक रोजगारीमा श्रमिक पठाउन गन्तव्य मुलुकको आवश्यकता अनुसारको सीप सिकेको दक्ष जनशक्ति उत्पादन गर्ने, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकारका लागि पहल गर्ने र रोजगार प्राधिकरण स्थापनाबारे अध्ययन अघि बढाउने, नयाँ गन्तव्य मुलुकको खोजी गर्ने र ती मुलुकसँग श्रम सम्झौता गर्ने आफ्नो आगामी कार्यक्रम रहेको बताए ।

त्यसअवसरमा मन्त्री श्रेष्ठले सोमबारदेखि नै वैदेशिक रोजगारबाट फर्किई पुनः उही काममा विदेश जाने कामदारले फेरि अभिमुखीकरण लिनुपर्ने यसअघिको बाध्यात्मक व्यवस्था हटाएको जानकारी दिए । उनले भने, 'एक पटक वैदेशिक रोजगारमा गएर अनुभव हासिल गरिसकेकालाई त्यस्तो अभिमुखीकरणको कक्षा आवश्यक नपर्ने निष्कर्षका आधारमा उक्त व्यवस्था हटाइएको छ ।'

त्यसैगरी मन्त्री श्रेष्ठले वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका आश्रित परिवार र अंगभंग भएका कामदारलाई दिइने क्षतिपूर्ति अनलाइन प्रणालीबाट दिने भुक्तानी प्रणालीको पनि शुभारम्भ गरे । अनलाइन प्रणालीमा बोर्डबाट वैदेशिक रोजगार ऐन अनुसार दिने क्षतिपूर्ति लिन अनलाइनबाट आवेदन दिन र बैंक खातामा भुक्तानी लिन सकिने व्यवस्था गरिएको छ । यसले पीडित श्रमिक र उनीहरूको परिवारलाई क्षतिपूर्ति र बीमा रकम पाउन सहज हुने मन्त्री श्रेष्ठले बताए ।

ऐनमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु, अंगभंग वा गम्भीर बिरामी भएकाले घटना भएको एक वर्षभित्र पीडितले क्षतिपूर्ति दाबी गर्न सक्ने व्यवस्था छ । कागजातका आधारमा क्षतिपूर्ति दाबी तथा भुक्तानी गर्दा विचौलियाले चलखेल गरेर बोर्डका कर्मचारीलाई घुस खुवाउनुपर्छ भन्दै ठगीको घटना देखिएको बोर्डको भनाइ छ ।

मन्त्री श्रेष्ठले स्थानीय तहमा सूचीकृत बेरोजगारहरूलाई कार्यस्थलमा तालिम दिन ६ वटा विभिन्न विषयमा व्यवहारिक सीप तालिम उपलब्ध गराउने गरी पाठ्यक्रम निर्माण गरिएको जानकारी दिए । पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका सचिव एक नारायण अर्यालसहित मन्त्रालयका उच्च अधिकारी, बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमलप्रसाद ढकाल, सदस्यहरू रघु पुरी, वाईबी राई, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजाललगायतको उपस्थिति रहेको थियो ।

## मञ्चको ...

महासचिव जनक रावलले मञ्चले निरन्तररूपमा सुधारका लागि उठाउँदै आएको मागमा नै विभागका महानिर्देशकको ध्यानाकर्षण गराइएको मध्यान्हलाई बताए । मञ्चले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा सुधार, युरोपेली देशसहित अन्य गन्तव्य मुलुकमा रहेका नेपाली दूतावास तथा नियोगमा मागपत्र प्रमाणीकरणमा रहेको समस्याको समाधान, इजाजतपत्रवालाको प्रत्यक्ष निगरानीमा शाखा सञ्चालन, जापानमा सरकारीस्तरमा कामदार पठाउने सम्झौता भएपनि त्यसले परिणाम दिन नसकेकोले जापानको रोजगारीमा कामदार पठाउन निजी क्षेत्रलाई सहभागी बनाउनुपर्ने, अव्यवहारिक ठहर भएको संख्या सय समस्याको स्थायी समाधान खोजिनुपर्ने माग गरेको छ ।

त्यसैगरी मञ्चले रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा वैदेशिक रोजगारमा जाने कामदारबाट दश हजार रूपैयाँ मात्र लिन पाउने व्यवस्था अत्यन्तै अव्यावहारिक भएको भन्दै नेपालका छिमेकी मुलुकका म्यानपावर कम्पनीले लिने रकम वा कामदारको एक महिनाको तलब बराबरको रकम सेवाशुल्क बापत लिन पाउने व्यवस्था गरिनुपर्ने र व्यवसायीबाट इजाजतपत्रको धरौटी दिँदा नै अप्रत्यक्षरूपमा म्यानपावर कम्पनीको वर्गीकरण गरेकोले आगामी दिनमा कुनैपनि बहानामा म्यानपावर कम्पनीको वर्गीकरण गरिन नहुने विषयमा महानिर्देशक पौडेलको ध्यानाकर्षण गराएको छ ।

जवाफमा महानिर्देशक पौडेलले सुधारका पक्षमा आफू व्यवसायीहरूसँग हातेमालो गर्न तयार रहेको भन्दै प्रविधिका माध्यमबाट वैदेशिक रोजगार प्रशासनलाई सुधार गर्ने गृहकार्य अघि बढाएको जानकारी दिएको महासचिव रावलले बताए । मञ्चको नवनिर्वाचित कार्यसमितिका अधिकांश पदाधिकारी तथा सदस्यहरु महानिर्देशक पौडेललाई ध्यानाकर्षण गराउन विभाग पुगेका थिए ।

**भूलसुधार**

चैत १४ गते सोमबार 'पुरुष मतदाता धेरै' शीर्षकको समाचारको इन्फोग्राफमा महिला मतदाता संख्या ८७ लाख ४१ हजार ५३० हुनुपर्नेमा अन्यथा भएकाले क्षमायाचना गर्दछौं ।

– सम्पादक

**साउदीमा रोजगार** | कम्पनी: : ABDUL LATIF SAGHAIR ABDULHADI AL SAGHAIR CONTRACTING शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ चलानी नं.: ६०१७६८११ LT. No.: 260397

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: : ASDA EAST & WEST CONTRACTING COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ चलानी नं.: ६०१७६८१२ LT. No.: 260346

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: ayushintl007@gmail.com

# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं. १ नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :- २०७८/१२/१५**

प्रस्तुत बिषयमा यस नगरपालिका कार्यालयबाट मिति २०७८/०९/२३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार तोकिएको मिति भित्र रितपूर्वक पेश हुन आएको बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएको हुदां सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| सि.न. | ठेक्का नं. | कार्यको विवरण | फर्म वा सप्लाईसको नाम, ठेगाना | कबोल रकम रु. |
|---|---|---|---|---|
| १ | TM-UDA-WORKS-NCB-12-2078-79 Construction of Baruwa Campus Building Gaighat, Udayapur | बरुवा क्याम्पस भवन निर्माण कार्य वडा नं. १२ | स्लेट गोपिनी गंगा जेभी, काठमाण्डौं | ४,६३,७०,१५९.२९ (अक्षरेपी : चार करोड त्रिसठ्ठी लाख सत्तरी हजार एक सय उन्नसाठ्ठी रुपैया र उन्नतीस पैसा मात्र, भ्याट, कन्टिन्जेन्सी रकम, फिजिकल कन्टिन्जेन्सी रकम र मूल्य समायोजन रकम सहित) |

**प्रमुख प्रशासकीय अधिकृत**

# Likhu Rural Municipality
## Office of the Rural Municipal Executive
**Yasam, Okhaldhunga**
**Province No. 1, Nepal**

### Invitation for Bids

**Date of Publication: 2078-12-15**

1. Likhu Rural Municipality invites electronic bids only from Nepalese eligible bidders for the following work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Likhu Rural Municipality Yasam Okhaldhunga, email address: ito.likhu.mun@gmail.com, info@likhumunokhaldhunga.gov.np or may visit PPMO website www.bolpatra.gov.np./egp.
3. Bidder has to submit their bid electronically & download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (non refundable fee of NRs 3000) for individual bidding document in the Project's account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal SBI Bank
   **Name of Office : Likhu Rural Municipality, Office of Rural Municipal Executive**
   **Aantarik Rajashwa Khata A/C No. : - 41595241207004(For purchasing fee of bid doc.)**
   **Sthaniya Taha Dharauti Khata A/C No :41525240600004(For Bid Security)**
4. Electronic bids must be submitted electronically through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs. on 2079-01-16. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs., 2079/01/16. at the office of Likhu Rural Municipality, Yasam, Okhaldhunga. Bids must be valid for a period 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security or voucher of bid security in .pdf format amounting to a minimum as specified in table below which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract No | Name of Work | Estimated Amount Exclusive of VAT and Contingencies (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | LRM/NCB/ Road/2078/79-08 | Upgrading Work of Bichari Ahal Kutidanda Road (Ch.0+000m to Ch.8+400m) at Ward No. 2, 3 & 4 | 1,72,08,535.50 | 5,00,000.00 |

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/१५**

यस सा.व.स. बाट संकलित खयर काठ १७६२.७९ क्युफिट (स्यापउड सहित) विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**पालेथुम्की सामुदायिक वन उपभोक्ता समूह, देवघाट– २, तनहुँ**

**सिटि कन्सल्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदवी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०४/२२ मा दर्ता भएको **प्रा.लि.नं. १३८१२१/०७२/०७३** को **सिटि कन्सल्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि.**को मिति २०७८/१२/०९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

**साउदीमा रोजगारको अवसर** | कम्पनी : QIMAH BAYDA EST शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/०९/१३ चलानी नं.: ६०१७१५५९ LT. No.: 254822 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 3 | 0 | स. काममा दक्ष | 2000 | ६४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.** (श्रम ईजाजत नं.: ५१५/०६१/०६२)
सिनामंगल, काठमाण्डौ । फोन नं. : ४९८६३३९

# 'स्थानीय तहबाटै विवाद निरुपण चुनौतीपूर्ण'



**गण्डकी/मस**–राष्ट्रपति विद्यादेवी भण्डारीले न्यायिक समितिमार्फत न्यायमा आम नागरिकको पहुँच बढ्न गएको बताएकी छन् ।

पोखरा महानगरपालिकाद्वारा आयोजित न्यायिक समितिको राष्ट्रिय सम्मेलनको पोखरामा उद्घाटन गर्दै उनले नागरिकका घरदैलोमा न्याय सम्पादन हुने अवस्था निर्माण गर्नु लोकतान्त्रिक शासन प्रणालीको प्रमुख उद्देश्य रहेको बताइन् ।

प्राचीनकालमा हाम्रो समाजले अवलम्बन गरेका कचहरी, न्यायाधीकरण र दण्ड प्रणालीबाटसमेत स्थानीय तहको न्यायिक समिति अभिप्रेरित रहेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले नागरिकलाई छिटो र सुलभ सेवा प्रदान गर्नु राज्यको दायित्व हो भन्ने सिद्धान्तलाई आत्मसात गरी न्यायिक समितिमार्फत स्थानीयस्तरमा विवाद समाधानको वैकल्पिक उपाय अवलम्बन गरिएको बताइन् ।

उनले भनिन्, 'यस प्रकारको संवैधानिक व्यवस्थाबाट न्याय प्राप्तिमा महिला, विपन्न, दलित लगायतका सिमान्तकृत समुदायका साथै आम जनताको पहुँच बढ्न गएको छ भन्ने मैले विश्वास लिएको छु ।'

न्यायिक समितिको अवधारणा नयाँ भए तापनि यसबीचमा कतिपय असल अभ्यास विकास भएको उनको भनाइ छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले यो समितिलाई जनताका दैनिक जीवनमा आइपर्ने विवादको निरुपण गर्ने अधिकार प्रदान गरेकाले यसको विशिष्ट महत्व रहेको उनले बताइन् । स्थानीय तहबाटै विवाद निरुपण गर्ने कार्य चुनौतीपूर्ण रहेको बताउँदै उनले न्याय माग्न आउने पक्षलाई न्याय पाएको अनुभूति दिलाउनु तथा दोषीलाई दण्ड दिनसक्नु सामान्य विषय नभएको बताइन् ।

विवाद निरुपणमा अपनाइएका उजुरी दर्ता पूर्वको परामर्श, अलग इजलासको स्थापना, विषय विज्ञको आमन्त्रणलगायत जिल्ला प्रशासन, प्रहरी कार्यालय तथा अदालत जस्ता सरोकारवालासँगको समन्वयले न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन सहयोग गरेको राष्ट्रपति भण्डारीले बताइन् ।

समितिले विवाद निरुपण गर्दा राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिकलगायतका विभिन्न व्यक्तिगत वा संस्थागत दबाब, चुनौती, निर्देशन एवं असहयोग आउन नदिन सचेत भई निडरतापूर्वक कार्यसम्पादन गर्नुपर्नेमा उनले जोड दिइन् ।

न्यायिक समितिको कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने मानवीय तथा भौतिक पूर्वाधारसहित यथेष्ठ स्रोतको व्यवस्थापन गर्न उनले सम्बद्ध पक्षको ध्यानाकर्षण गराइन् ।

'स्थानीय तह मुलुकको आर्थिक प्रगतिका आधारभूत इकाई हुनुका साथै संघीय र प्रदेश सरकारका नीतिलाई कार्यान्वयन गर्ने प्रमुख अंग पनि हुन्,' उनले भनिन्, 'संविधानप्रदत्त अधिकार र कर्तव्यलाई जनताको आर्थिक समृद्धिको आकांक्षासँग जोड्न सके मात्र मुलुक निर्माणको सपना साकार हुनसक्छ ।

## 'Zero Cost Recruitment in Malaysia'
## (मलेशियामा शुन्य लागतमा रोजगार)

Free Visa, Free Ticket, Free Service Charge, Free Passport, Free Medical , Free Transport and Free Lodging & Fooding)
(फ्रि भिषा , फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल, फ्रि यातायात, फ्रि आवास र खाना)

मलेसिया मुलुकको Selangor शहरस्थित एक प्रतिष्ठित Sydney Cake House Sdn Bhd कम्पनीमा निम्न नेपाली कामदारहरुको माग भई आएकोले योग्य र इच्छुक नेपाली कामदारहरुको माग भई आएकोले योग्य र इच्छुक नेपाली कामदारहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

१. कम्पनी: SYDNEY CAKE HOUSE SDN BHD(73712-H) शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/११/१४ चलानी नं.: ६०१५२४८१ LT. No.: 233986 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Workers | 13 | 0 | स. काममा दक्ष | 1200 | ३४,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Sydney Cake House Sdn Bhd does not impose any recruitment/placement fee for this employment.
Sydney Cake House Sdn Bhd यस रोजगारीको लागि कुनै पनी किसिमको भर्ती शूल्क लिने छैन ।
Applicants are requested to submit their application directly without using any mediator or sub-agents. Applicants family members/relatives/friends are not required to make any payments , bribe, gifts or lieu of fees for this employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्तकर्ताको प्रयोग बिना आवेदन गर्न आमन्त्रित गर्दछौं, आवेदकका परिवार, आफन्त, साथिभाई ले यस रोजगारीको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन्।

## साउदीमा रोजगार

२. कम्पनी: ZAMIL OPERATIONS & MAINTENANCE COMPANY शहर: Saudi

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ चलानी नं.: ६०१७६८०९ LT. No.: 260336

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | General Laborer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १. नि:शुल्क र २. रु. १००००|- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## वि. एस. ओभरसिज प्रा. लि.

पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ४९६३३५८, ४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np/ bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

## UAE मा रोजगारको अवसर

कम्पनी : GRAKO L.L.C. शहर : DUBAI

पुर्व स्वीकृत मिति: २०७८/१२/१४ चलानी नं.: ६०१६६७३३ L.T. No.: 260174

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaners | 5 | 0 | स. काममा दक्ष | 1100 | ३६,४२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.

दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं विजनेस पार्क टेकु, काठमाडौं
फोन नं. ४१०४५९७, ४१०४५७४
श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५

## साउदीमा रोजगार

कम्पनी: HUDA ALI MAHREZ AL-QARNI EST शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ चलानी नं.: ६०१७६७७६ L.T. No.: 260236

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## Superb Solutions Pvt. Ltd.

कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८, मोब : ९८५१०७७५२४
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

## Provincial Government
## Ministry of Internal Affairs and Law
### Province no. 1, Biratnagar, Nepal

### LETTER OF INTENT

**Date of publication: 2078/12/15(29th March, 2022)**

This is the notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public procurement Act, 2063, article 27(2).

| S.N. | Contract Identification No | Descriptions | Name and Address of Bidder | Bid Amount (Including PS without VAT) |
|---|---|---|---|---|
| 1 | MOIAL/ Morang/ NCB/ Works/02-2078/79 | Construction of warehouse and Quarter Building Work | SAH CONSTRUCTION, BIRATNAGAR-16 | 93,86,804.40 (Ninety three lakhs eighty six thousand eight hundred four rupees and forty paisa only) |

Province Secretary

## Chhathar Jorpati Rural Municipality
## Office of the Rural Municipal Executive
### Jorpati, Dhankuta
### Province No. 1, Nepal

## Invitation For Online Sealed Quotation

**Date of Publication: 2078-12-15 (2022-March-29)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids (Sealed Quotation) from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (With VAT) NRs | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| 07/CJRMUN/ SQ/2078/079 | Trisule Hatikharka Road Improvement Work (2nd Phase) | 10,78,871.30 | 1,000.00 | 25,000.00 | 75 days | 2078-12-30 13:00 Hrs. |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

   **Name of the Bank** : Nepal Bangladesh Bank Ltd. Sindhuwa, Dhankuta.
   **Name of Office** : Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.
   **Office Account Name and No.** : Ga-1-1 Antarik Rajaswa Khata 05000001541
4. Bid security amount deposited at Name and A/C No. Ga-3 Dharauti Khata 0500000841 on the behalf of Chhathar Jorpati Rural Municipality at Nepal Bangladesh Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

## डाक्नेश्वरी नगरपालिक
## नगर कार्यपालिकाको कार्यालय
### पातो बजार, पातो, सप्तरी
### प्रदेश नं. २, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/१५ गते**

यस कार्यालयको आ.ब. ०७८/०७९ मा न.पा.को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्रको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगद बझाई नगदी रसीद साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी डाक्नेश्वरी नगरपालिका, पातो बजारबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ। खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात ३१ औं दिन दिनको १२:०० बजे सम्म डाक्नेश्वरी नगरपालिका, पातो बजारको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी डाक्नेश्वरी नगरपालिका, पातो बजारमा मात्र दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएका दरभाउपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पुर्ण पानाहरू भरी दर्ता गर्नु पर्नेछ ।
२. दर्ता भएका दरभाउपत्रहरू अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा डाक्नेश्वरी नगरपालिका, पातो बजारमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।
३. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
४. शिलबन्दी दरभाउपत्र साथ डाक्नेश्वरी नगरपालिका, पातो बजारमा **Global IME Bank Limited**, पातो बजार शाखामा रहेका धरौटी खाता न. **E30401000006** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंकबाट डाक्नेश्वरी नगरपालिका, पातो बजारको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेश गर्न पर्नेछ ।
५. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिवद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुबै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठांउमा दरभाउपत्रदाताको सही छाप भएको हुनुपर्नेछ।
६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर)को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरूको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ ।
७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्ध गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।
८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुनेछैन ।
९. दरभाउपत्रदातालाई दरभाउपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेबारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।
१०. दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रू. | धरौटी रकम रू. | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १. | २/०७८/७९ | स्वा.चौकी भुतही कुसाहाको आधुरो भवन निर्माण कार्य | २५,७७,५३९।९२ | ७५,०००।०० | १,०००।०० |

प्रमुख प्रशासकिय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ चैत २०७८, मंगलबार
29 March 2022, Tuesday

## सम्पादकीय

# लोकतन्त्रको सर्त र सीमा

स्थानीय निर्वाचन नजिकिएसँगै चुनावी गतिविधि बाक्लिएको छ । निर्वाचन आयोगले ३० वैशाखमा घोषित स्थानीय चुनावसँग सम्बन्धी गतिविधि तीव्र पारेको छ । आयोगको गतिलाई सरकारले पनि पछ्याइरहेको छ । आवश्यक बजेट विनियोजन, नीतिगत निर्णय सहित सुरक्षा प्रबन्धको तयारीमा सरकार सक्रिय छ । अस्थायी प्रहरी (म्यादी) नियुक्ति प्रक्रिया प्रहरीले अगाडि बढाएको छ । यो भन्दा पनि राजनीतिक दलहरूभित्र देखिएको चुनावी गतिविधि चासो र रोचक छ । बहुदलीय लोकतन्त्रमा हुने नियमित निर्वाचन दल नै प्रमुख निकाय हुन् । नागरिकलाई प्रतिनिधि चुन्ने र चुनिने अधिकार भएपनि दलीय लोकतन्त्रमा राजनीतिक शक्तिको भूमिका अर्थपूर्ण हुन्छ । आमरूपमा दलीय उम्मेद्वार नै निर्वाचित भएर आउने सम्भावना बढी हुन्छ । त्यसैले उनीहरूको भूमिकालाई अर्थपूर्ण रूपमा हेरिन्छ ।

अतः निर्वाचन नजिकिएकाले हरेक जसो दलहरूबारे आँकलन भइरहेको छ । दलहरूको चुनाव केन्द्रीत गतिविधिका आधारमा जितहारबारे छलफल हुनु स्वभाविक पनि हो । अहिले कुन दलले कति स्थानीय तहमा जित निकाल्छ वा कुन राजनीतिक शक्तिको हैसियत कस्तो हुन्छ भन्ने बहस चर्किएको छ । दलका नेताहरूले पनि आफूलाई बलियो बनाउन सम्पूर्ण शक्ति खर्चिएका छन् । त्यस मध्ये एक हो, नेताहरूको चर्को अभिव्यक्ति । विशेषगरी अर्का दल र तिनका नेताविरूद्ध आरोप लगाउने प्रतिशपर्धा नै चलेको छ । आरोप लगाउने क्रममा कतिपय अशोभनीय र निम्त स्तरको भाषा प्रयोग हुन थालेको छ । चुनाव जित्नकै निम्ति नेतृत्वबाट भएको भाषाप्रति पार्टी पंक्ति नै खूशी देखिदैन ।

चुनावमा सम्पूर्ण शक्ति केन्द्रीत हुनु अस्वभाविक होइन । अन्य दलका कार्यकर्तादेखि आम मतदाता प्रभावित बनाउनेगरी अभिव्यक्ति दिनु र गतिविधि गर्नु लोकतन्त्रको सौन्दर्य पनि हो । उमेर पुगेका र संवैधानिक सर्त पूरा गरेका हरेक नागरिकले नेता बन्ने र बनाउन सक्ने भएकैले लोकतन्त्रलाई उत्तम व्यवस्था मानिन्छ । तर त्यसो भन्दैमा राजनीतिक सीमा नै भत्काउनेगरी, भोलिका दिनमा फेरि सम्वाद हुनै नसक्ने र व्यक्तिगत तहमा दुस्मनी सिर्जना हुनु लोकतन्त्रको मर्म होइन । अझ व्यवस्था परिवर्तनमा लामो संघर्ष गर्दै मुलुककै नेतृत्व गरिसकेका नेताहरूमा संयमता नदेखिनु राम्रो होइन । लोकतन्त्रमा चुनाव नियमित प्रक्रिया हो । तर लोकतन्त्रलाई नै बद्नाम र कमजोर बनाउने बातावरण सिर्जना हुनु दुखद् र बिडम्बना हो ।

# अर्थतन्त्रमा देखिएको संकट

*नेपालसँग केन्द्रीय बैंकको पछिल्लो तथ्यांकअनुसार करिब १० अर्ब डलर बचत छ । यसले अहिलेको बढ्दो मूल्यमा पाँच महिनाको आयात पनि धान्दैन । यो एकदम डरलाग्दो अवस्था हो । श्रीलंकासँग जम्मा दुई अर्ब डलर मात्रै रहेछ ।*

अग्रलेख



● नारायण गाउँले

देश कसरी टाट पल्टिँदै छ र श्रीलंका बन्दै छ भन्ने बुझ्न अर्थविद् या गणितज्ञ हुनुपर्दैन । आउनुस्, एकछिन गम्भीर बनेर हेरौं ! सजिलो भाषामा देश टाट पल्टिने भनेको देशसँग वैदेशिक मुद्रा सकिनु भनेको हो । तपाईं हामी जति नै धनी भए पनि जब देशसँग वैदेशिक मुद्रा सञ्चिति हुँदैन, उसले औषधिदेखि पेट्रोलसम्मका अत्यावश्यक वस्तु आयात गर्न सक्दैन । देशले वैदेशिक ऋण लिएको हुन्छ र नियमित रूपमा त्यसको ब्याज र किस्ता चुक्ता गर्नुपर्ने हुन्छ । त्यस्तो किस्ता 'मिस' हुनेबित्तिकै देश टाट पल्टिएको ठानिन्छ । हामीले दुई/चार सय रुपियाँ उठाएर सरकारलाई दिन सकिन्छ, तर त्यो नेपाली पैसाले ऋण तिर्न या वस्तु आयात गर्न सकिन्न । ठेट भाषामा जनताले उठाएर एउटा रंगशाला या पुल बनाउन त सकिन्छ, तर, देशलाई टाट पल्टिनबाट जोगाउन सकिन्न । देश टाट पल्टिने अवस्थामा हामीले उठाएको पैसाले रंगशाला पनि बन्दैन । किनकि डोजर, डिजेल, सिमेन्ट र प्रविधि किन्न त फेरि पनि डलर नै चाहियो । आयातदेखि ऋण र ब्याजमात्र होइन, विद्यार्थी पढ्न पठाउन होस् या नेताहरू भ्रमणमा जान होस्, दूतावासहरू चलाउन होस् या युएनको सदस्यता शुल्क तिर्न होस्, हामीलाई वैदेशिक मुद्रा चाहिन्छ ।

नेपालसँग केन्द्रीय बैंकको पछिल्लो तथ्यांकअनुसार करिब १० अर्ब डलर छ । यसले अहिलेको बढ्दो मूल्यमा पाँच महिनाको आयात पनि धान्दैन । यो एकदम डरलाग्दो अवस्था हो । श्रीलंकासँग जम्मा दुई अर्ब डलर रहेछ । त्यसले धन्नै एक महिनाको आयात त धान्न सक्छ तर, केही महिनामैं उसले चर्को ब्याज र ऋणको किस्ता गरेर ६ अर्ब डलर जति बुझाउनुपर्ने हुनाले ऊ टाट पल्टिने अवस्थामा पुगेको हो । हामी केही महिनामैं उसलाई पछ्याउने बाटोमा देखिन्छौं ।

## नेपालले कसरी डलर कमाउँछ त ?

धेरै देशले वैदेशिक मुद्रा कमाउने मुख्य स्रोत व्यापार हो । तर, हामी किनेर खाने धनी नागरिक भएकाले निर्यातभन्दा आयात धेरै छ । व्यापारबाट हामीले कमाउने होइन कि करिब ११ अर्ब जति डलर वार्षिक रूपमा गुमाइरहेका छौं । यो डरलाग्दो व्यापार घाटा नै देश डुबाउने पहिलो कारण हो । यसमा आधाभन्दा बढी हिस्सा त पेट्रोलियम पदार्थको रहेछ । पर्यटन, वैदेशिक लगानी, ऋण, अनुदान, केही दूतावासका कमाइ र रेमिटेन्स जस्ता स्रोतबाट नेपालले डलर जम्मा गर्छ ।

देशको पर्यटन पनि डामाडोल र घाटामा छ । देशमा घुम्न आउने पर्यटकभन्दा थाइल्याण्डदेखि अस्ट्रेलिया घुम्न जाने नेपाली धेरै हुने डर छ । अझ हरेक स्थानीय र प्रदेश सरकारका प्रतिनिधि अवलोकन भ्रमणका नाममा विदेश हिँडेको देख्नुभएको होला । यो ठूलो विषय त होइन तर, हाम्रो जस्तो अवस्थामा यो पनि ठूलो हो । हामीसँग समुद्र छैन, रेल पनि छैन, ठूलो एअरपोर्ट पनि छैन र ठूलो बजार पनि छैन । त्यसैले ठूलो वैदिशिक लगानी आउने सम्भावना पनि कम छ । एक त विदेशी लगानीप्रति हाम्रो नीति र दृष्टि पनि सकारात्मक छैन । हामी त आफै उठाएर सरकारलाई दिन सक्ने नागरिक न हौं ।

भारतसँगको सम्बन्ध चर्को राजनैतिक विषय भएकाले र निर्यातमा समस्या हुन सक्ने हुनाले ठूलो उद्योगमा कसले लगानी गर्छ र ! हो, डलर ऋण लिन सकिन्छ, तर ऋण लिएर सही ठाउँमा लगानी भएन भने त्यसको किस्ता र ब्याज तिर्न अर्को ऋण लिनपर्छ । जसले ऋणको जालो निर्माण गर्छ र झन् फसाउँछ । अनुदान पनि धेरै र सधैं आउने कुरो भएन । आए पनि हाम्रो षड्यन्त्र सिद्धान्तले कति अनुदान फिर्ता जान र भविष्यमा नआउन सक्ने डर छँदै छ । डायस्पोरा ठूलै भए पनि हाम्रा दूतावासले पर्याप्त कमाइ गर्न सकेको देखिन्न । उल्टो त्यहाँ पनि खर्च नै छ ।



> धेरै देशले वैदेशिक मुद्रा कमाउने मुख्य स्रोत व्यापार हो । तर, हामी किनेर खाने धनी नागरिक भएकाले निर्यातभन्दा आयात धेरै छ । व्यापारबाट हामीले कमाउने होइन कि करिब ११ अर्ब जति डलर वार्षिक रूपमा गुमाइरहेका छौं । यो डरलाग्दो व्यापार घाटा नै देश डुबाउने पहिलो कारण हो ।

अब बच्यो रेमिटेन्स । यो पनि आउने मात्रै हुँदैन । अन्य देशका कामदारले नेपालबाट लैजाने पनि हुन्छ । रेमिटेन्सबाट झण्डै आठ अर्ब डलर जति देशले कमाउँछ । देश यतिन्जेल धानिएको रेमिटेन्सले हो । कामदारले पैसा कमाउने त देशका लागि होइन, आफ्नै लागि हो । तर, उसले लिगल च्यानलबाट पैसा नेपाल पठाउँदा देशले वैदेशिक मुद्रा प्राप्त गर्छ । यो देशमा बसेर रेलिंग भाँच्ने क्रान्तिभन्दा ठूलो क्रान्ति हो ।

तर, यहींनिर ठूलो भ्वाङ् देखिएको छ । एक त वैदेशिक रोजगारमा जानेहरू प्रति सामाजिक सम्मान घट्दो छ । देशलाई भार थपेर अमेरिका घुम्न जाने र त्यो भार आफ्नो काँधमा बोक्न मलेशिया जाने मजदुरले एअरपोर्टमा पाउने सेवा र सम्मानसमेत फ़रक थियो । धन्न भर्खरमात्रै छुट्टै डेस्क हटाइएको छ । दोस्रो, हाम्रा भाषण भनेको सीमामा काँडे तार लगाउने, गोर्खा भर्ती बन्द गर्ने, खाडी जानबाट युवालाई रोक्ने खालको मात्रै हुन्छ । रोकेर तिनलाई केमा रोजगारी दिने र रेमिटेन्सको आठ अरब डलर केले पूर्ति गर्ने भन्ने ठोस योजना हुँदैन ।

केन्द्रीय बैंकको पछिल्लो तथ्यअनुसार त अवस्था झन भयावह छ । श्रम स्वीकृति लिनेहरूको संख्या ९२ प्रतिशतले घटेको छ । पहिले नै जानेहरूले पठाई रहेकाले तत्काल यसको असर थाहा हुन्न । तर, यो तथ्यांक यस्तै रहने हो भने त हाम्रो एकमात्र स्रोत पनि सुक्ने र देश टाट पल्टिने दिन टाढा छैन । घटेका ९२ प्रतिशतले देशमा उद्योग खोलेर आयात घटाउने या निर्यात बढाउने काम गरे त तै राम्रै हुन्थ्यो, जिन्दावाद र मुर्दावाद भन्दै भएको सडक पनि टायर बालेर ध्वस्त पार्ने हो भने के होला ? तिनले बोक्ने झण्डाको कपडा किन्न कसले डलर कमाई देला ?

## के गर्न सकिन्छ ?

कमाउन सकिन्न भने गर्ने भनेको पहिलो काम बचाउने हो । कोभिड, क्षेत्रीय युद्ध र द्वन्द्वहरूका कारण महँगी इतिहासकै उच्च छ । महँगी बढ्ने भनेको आयातमा निर्भर देशका लागि झन् ठूलो समस्या हो । यसले हाम्रो सञ्चितिलाई तीव्र रूपमा घटाउँछ । हाम्रो मुख्य वैदेशिक मुद्रा खर्च भनेको आयात हो । त्यसमा पनि पेट्रोलियम पदार्थ हो । हाम्रो पहिलो कदम त्यसैलाई कम गर्ने हुनुपर्छ । विद्युत उत्पादन बढाउने, रोकिएका आयोजना पूरा गर्ने, साइकल र बिजुलीमा अनुदान दिने र विद्युतीय सवारी साधनलाई नीतिगत प्राथमिकता दिएर पेट्रोलियम आयात घटाउन सकिन्छ । हामी हिँडेर पुगिने ठाउँमा मोटरसाइकल नचढे पनि मद्दत हुन्छ । अन्य बिलासी वस्तु र सेवाको आयातलाई पहिचान गरी योजनाबद्ध ढंगले स्वदेशमैं प्रतिस्थापन गर्न सकिन्छ ।

सुशासन त झन महत्वपूर्ण हुने नै भयो । अझ ऋण लिएर बनाइने आयोजनामा भ्रष्टाचार कम गर्न सकियो भने ठूलो राहत हुन्छ । सुशासनले ऋणको ब्याज दर घटाउन र अनुदान बढाउन पनि काम गर्छ । नागरिकले पनि शून्य सहनशीलता लिएर भ्रष्टलाई चुनाव हराउने हो भने ठूलो देश सेवा हुन्छ । देशमा हुनेले उत्पादन बढाउन मद्दत गर्ने, आत्मनिर्भर बन्न प्रयास गर्ने, विदेशमा कमाउन गएकालाई अपमान नगर्ने र विदेशमा हुनेले लिगल च्यानलबाट पैसा पठाएर मद्दत गर्न सकिन्छ ।

यी सबैका बाबजुद सरकारले नै पहल नगर्दासम्म भने दुर्घटना टर्दैन । सुशासन, मितव्ययिता, लगानीमैत्री नीति, रोजगारी वृद्धि, उत्पादन वृद्धिको योजना, निर्यात प्रवर्द्धन, छोटो समयका लागि नयाँ देशहरूसँग श्रम सम्झौता र वैदेशिक रोजगारीमा जानेहरूको सीप विकास जस्ता क्षेत्रमा सरकारले धेरै र परिणाममुखी काम गर्न सक्छ ।

तर, बिडम्बना के छ भने हाम्रा पार्टी र नेताहरूसँग यस्तो गम्भीर विषयमा कुनै भिजन र चिन्ता देखिन्न । छलफल गर्ने र नीति नियम बनाउने संसद त वर्षौंदेखि बन्द छ । एकले अर्कालाई गिद्ध भन्ने, भिखारी भन्ने, फोहोरी भन्ने, साबुनपानीले नुहाईदिएको भाषण गर्ने, होच्याउने र घटिया जोक गर्नेहरू नै हाम्रा आदर्श र योग्य नेताहरू छन् । हाम्रो ताली त्यहीं बज्छ ।

## सामाजिक सञ्जाल




- सुदीप खनिया

पारी डाँडामा बाटो बनाइरहेको डोजर, तल नदीमा क्रसर उद्योग, फाँटमा प्लटिङ्ग र नजिकै प्लटरले बनाएको स्कुल, कलेज र अस्पताल ! विमानस्थलमा मान्छेको लाइन र ओहरदोहर ! भ्यूटावरबाट देश हेरेको– अहाँ कति राम्रो ! अझ, हेलिकप्टरबाट चिहाएको देश त स्वर्गै लाग्यो ! नो मिथ, वन्लि हेवन !



- विकास सिवा

पशुपतिनाथमा पुजा गर्दा रिसाउनेहरू चर्च उदघाटनमा व्यस्त हुन्छन् । बद्री पंगेनी राष्ट्रिय कलाकार भएर पार्टीको गीत गाउन मिल्छ भनेर कुर्लिनेहरू स्कुलमा हाजिर गरेर दिनभरि पार्टीको झन्डा बोकेर हिँड्छन् । उता झापा तिर बनेको भ्युटावरको आलोचना गर्नेहरू गरिब बस्तिको माझमा बनेको टावरमा दंग छन् ।



- कमल भट्टराई

कुनै पनि धर्मप्रति नमन छ । मन्दिर, मस्जिद, चर्च, गुम्बा अगाडी टाउको अनायासै झुक्छ । एक छाक पेट भर्न धौ धौ नागरिक भएको देशमा अग्ला संरचना ? पहिला घर, महल, मन्दिर भत्काउँदै हिँडे आज जनताका पसिनाको करबाट ठाउँ-ठाउँमा भ्युटावर र चर्च बनाउँदै छन् ।



- गोविन्द अधिकारी

नेपालको राजनीतिमा २०७४ दोहोरिने संकेत देखियो । फेरि खेर जाने भयो अर्को ५ वर्ष । स्थानीय तहमा कांग्रेससँग गठबन्धन गरेपछि प्रदेश र संघमा अर्को गठबन्धन हुँदैन भनेर भर पर्ने के आधार के छ ?



- गोविन्दकुमार थापा

नेपालको बहुदलीय संघात्मक लोकतन्त्रमा चोर, डाका, फटाहा, भ्रष्टाचारी, दुराचारी, व्यभिचारी अनेकानेक दुष्कर्मसँग सवाल रहेन । ती राजनीतिक अस्तित्वका मापक हुन । यसलाई तिनै कर्म गर्न गराउन कर्मठ नेता र झोले भोटर भए पुग्छ । कलंकको जरा गाड्न र अझ बिलो बनाउन बरू पालिकाहरू थप्दै जानु श्रेयष्कर हुन्छ ।

# दर्शनशास्त्रको अर्थ र महत्व

विचार



● मिलन आफन्त

कुनै पनि वस्तुको अस्तित्व त्यसमा निहित नयाँ र पुरानो, जीवनशैली र चरणशील दुई विरोधी पक्षबिचको लडाईंमा आधारित हुन्छ र यसै लडाईंबाट जन्मने नयाँ वस्तुको लडाईं अर्थात् गति वा अर्न्तविरोधको अध्ययन गर्ने पद्धतिलाई द्वन्दवाद भनिन्छ । यो ब्रम्हाण्ड र सारा संसार प्रकृति अथवा पदार्थबाट बनेको हुन्छ । यस कुरालाई व्याख्या गर्ने सिद्धान्तलाई भौतिकवाद भनिन्छ । द्वन्दवाद र भौतिकवादको मिलनबाट द्वन्दात्मक भौतिकवादको जन्म हुन्छ । दर्शन भनेको मानिसको भित्री आँखा हो । यसै आँखाका भरमा उसले हरेक वस्तुलाई हेर्ने, जाँच्ने, बुझ्ने र यसैअनुसार आफ्नो जीवनको मार्ग ठम्याउने गर्दछ ।

## दर्शन शास्त्रको आधारभूत प्रश्नहरू

दर्शन शास्त्रलाई प्राचिन विज्ञान मान्नु पर्दछ । विश्वमा बहुसंख्यक दार्शनिक प्रणालीहरू देखा परेका छन् । ति प्रणालीहरू विश्वका विभिन्न देशहरूमा विभिन्न सामाजिक वर्गहरू दलहरूका प्रतिनिधीहरूले प्रतिपादन गर्ने गर्दछन् । विभिन्न प्रकारका दार्शनिक प्रणालीहरूको विवेचना, मुल्यांकन, स्थान निर्धारण कसरी गर्ने भन्ने कुरा थाहा पाउन सर्वप्रथम कुन दार्शनिक प्रणालीले आधारभूत प्रश्नहरूको समाधान कसरी गर्दछ भन्ने कुरा थाहा पाउनु पर्दछ । भौतिक मुल नै आध्यात्मिक हो कि ? मानिसको मुल भौतिक हो वा होइन ? भौतिक र आध्यात्मिकको बिच के सम्बन्ध छ ? यस सम्बन्धको भौतिकप्रति मानसिक सम्बन्धबारे, चरित्रबारे, अस्तित्वप्रति चिन्तनको सम्बन्धबारे प्रश्न नै दर्शनशास्त्रको आधारभूत प्रश्न हो ।

## दर्शन शास्त्रको पद्धति

१) अधिभूतवाद- वस्तुलाई यसको वास्तविक चरित्रभन्दा अलग गरी हेर्ने पद्धतिको नाम अधिभूतवाद (अधि-पर या माथि, भूत-वस्तु) हो । अधिभूतवादीहरूले पदार्थलाई जड मान्दछन्, त्यसैकारण उनीहरूले हरेक वस्तुको निर्माणका लागि भित्री होइन, बाहिरी कारणलाई प्रधानता दिन्छन् । वस्तु वा प्रकृतिलाई गतिहिन ठान्ने भएकोले तिनलाई बाहिरबाट गतिदिने तत्वको रूपमा ईश्वर, परमात्मा वा अन्य कुनै अलौकिक शक्तिलाई स्थान दिन्छन् । यसकारण उनीहरूले पदार्थ र चेतना, शरीर र मन तथा समस्त वस्तुगत

> दर्शन भनेको मानिसको भित्री आँखा हो । यसै आँखाका भरमा उसले हरेक वस्तुलाई हेर्ने, जाँच्ने, बुझ्ने र यसैअनुसार आफ्नो जीवनको मार्ग ठम्याउने गर्दछ । दर्शन शास्त्रलाई प्राचिन विज्ञान मान्नु पर्दछ । वैज्ञानिक दर्शनशास्त्रले मानव जातिले हासिल गरेका विभिन्न वैज्ञानिक तथा व्यवहारिक उपलब्धीहरूको सामान्यीकरणको आधारमा बोधगम्यताको आफ्नो पद्धति तयार पारेको छ ।

र विचार जगतबिच कुनै साइनो देख्दैनन् र तिनलाई आपसमा अलग्याउँछन् ।

२) द्वन्द्ववाद- वस्तुलाई त्यसैकै बास्तविक चरित्रअनुसार हेर्ने पद्धतिको नाम भौतिकवादी द्वन्दवाद (हरेक वस्तु द्वन्दमय छ) हो । अधिभूतवादको ठिक उल्टो भौतिकवादी द्वन्दवादले पदार्थलाई जड होइन, गतिशिल मान्दछ र हरेक वस्तुको विकासमा आन्तरिक कारणलाई प्रधानता दिन्छ, कुनै अलौकिक शक्तिमा विश्वास गर्दैन । हरेक वस्तु र प्रक्रियामा सकारात्मक र नकारात्मक विकासशिल र विनाशशिल तथा सत्य र असत्य जस्ता परस्पर विरोधी पक्ष हुने, तिनिहरू बिच आपसी सम्बन्ध भएर पनि द्वन्द हुने र आपसमा एक अर्कोमा बदलिने कुरामा जोड दिन्छ । भौतिकवादी द्वन्दवादले कुनै पनि वस्तुलाई स्थायी, एक अस्तित्वमा आएको वा परिवर्तन हिन मान्न तयार छैन । त्यसले कुनै पनि वस्तुको बिकास ऐतिहासिक सन्दर्भमा हुने कुरामा जोड दिई गुणात्मक परिवर्तनको कुरा गर्दछ ।

## द्वन्दात्मक भौतिकवाद

द्वन्दात्मक भौतिकवाद सर्वहारा वर्गको आफ्नै आँखा र मुक्तिको दर्शन हो । यसले संसारभरका श्रमजीबीहरूको पक्षमा बोल्दछ र उनीहरूको भलो गर्दछ । द्वन्दवाद र भौतिकवादको मिलनबाट द्वन्दात्मक भौतिकवाद बन्दछ । कुनै पनि वस्तुको अस्तित्व त्यसमा निहित नयाँ र पुरानो, जीवनशिल र मरणशिल दुई बिरोधी पक्षबिचको लडाईंमा आधारित हुन्छ र त्यसै लडाईंबाट नयाँ वस्तु जन्मन्छ । वस्तुमा रहेको यसै लडाँई अर्थात् गति वा अन्तविरोधको अध्ययन गर्ने नाम द्वन्दवाद हो ।

वैज्ञानिक दर्शनशास्त्रको मानव जातिले हासिल गरेका विभिन्न वैज्ञानिक तथा व्यवहारिक उपलब्धीहरूको सामान्यीकरणको आधारमा बोधगम्यताको आफ्नो पद्धति तयार पारेको छ । जुनलाई भौतिकवादी द्वन्दवाद भनिन्छ । ऐङगेल्सको शब्दमा "द्वन्दात्मक दर्शनशास्त्रको निम्ति सधैंको लागि निश्चित र अकारण कुनै वस्तु छैन । सबै कुरामा र सबै कुराभित्र द्वन्दवादले अवश्यम्भावी पतनको छाप देख्छ जसको सामु उत्पति र संहारको प्रक्रिया बाहेक निम्न स्तरबाट अडिग रहन सक्दैन ।" द्वन्दवादले गति र विकासको स्रोत स्वयं वस्तु तथा घटनाहरूको निम्ति स्वभाविक अन्तरद्वन्दहरूमा देख्दछ ।

भौतिकवादी जसको आधुनिकरूप मार्क्सवाद-लेनिनवाद हो, प्रगतिशिल र वैज्ञानिक विश्व दृष्टिकोण हो । जगतको सही चित्रण गर्दै, वास्तविकरूपमा जगत जस्तो छ । त्यस्तै व्याख्या गर्ने हुनाले भौतिकवादले विज्ञानको विश्वाससिलो सहयोगीको रूपमा काम गर्दछ र मानिसहरूको व्यवहारिक कार्यमा सघाउ पुऱ्याउदछ । यसैको आधारमा नै भौतिकवादको उत्पत्ति र विकास पनि भएको हो ।

सत्यको विकास असत्यका विरूद्ध लडेर हुन्छ, सुन्दरको विकास कुरूपका विरूद्ध लडेर हुन्छ, असलको विकास खराबका विरूद्ध लडेर हुन्छ र यसैगरी द्वन्दात्मक भौतिकवादको विकास पनि आर्दशवाद एवं अधिभूतवाद र संसोधनवादका विरूद्ध लडेर मात्रै हुनसक्छ । द्वन्दात्मक भौतिकवाद सैद्धान्तिक संघर्षशिलता त्यसको क्रान्तिकारी गतिविधिमा आधारित छ । संक्षेपमा द्वन्दात्मक भौतिकवाद भनेको यही हो ।

# कोहलपुरका १ सय ८६ भूमिहीनलाई लालपूर्जा



**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १४ चैत

बाँकेका १ सय ८६ घरधुरीलाई लालपूर्जा वितरण गरिएको छ । भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले आइतबार एक कार्यक्रमकाबीच कोहलपुर नगरपालिका-३ का १ सय ८६ घरधुरीलाई लालपूर्जा वितरण गरेकी हुन् ।

कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले सरकारले गाउँ ब्लकमा रहेका करिब २० हजार भूमिहीनलाई जग्गा धनी पूर्जा (लालपूर्जा) वितरण गरेको बताइन् ।


आफूले मन्त्रालय सम्हालेपछि चार महिनाको अवधिमा १९ हजार ६ सय भन्दाबढी भूमिहीनलाई लालपूर्जा वितरण गरिसकिएको उनको भनाई थियो ।

गाउँ ब्लकमा लालपूर्जा वितरणको कामलाई पहिलो प्राथमिकतामा राखेर आफूले काम आगाडि बढाएको भन्दै उनले एक वर्षभित्रमा सबै गाउँ ब्लकको समस्या समाधान गरिसक्ने गरी कामलाई तीव्र पारिएको बताइन् ।

संविधानमा भएको नागरिकको हक कार्यान्वयलाई अहिलेको सरकारले पहिलो प्राथमिकतामा राखेको भन्दै उनले जनताको काम गर्न स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई इमान्दार भएर लाग्न आग्रह गरिन् ।

भूमिहीन दलित तथा सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोग मार्फत काम शुरु गरिसकेको भन्दै मन्त्री श्रेष्ठले बारम्बार उठिरहने भूमि सम्बन्धी समस्यालाई दिगो रुपमा समाधान गरिने विश्वास व्यक्त गरिन् ।

# यूएईमा संगठित हुँदै नेपाली खेलाडी




**सुरिन भुजेल/मध्यान्ह**
यूएई, १४ चैत

वैदेशिक रोजगारीको सिलसिलामा दुवई पुगेका खेलक्षेत्रमा सक्रिय नेपाली फुटबल खेलाडीहरु संगठित भएर अगाडि बढ्ने भएका छन् । अतिरिक्त समयमा विभिन्न खेलकुद गतिविधिमा सक्रिय नेपाली खेलाडीहरुको हितमा काम गर्ने उद्देश्यसहित मुक्ति गुरुङको अध्यक्षतामा ७ सदस्यीय तदर्थ समिति गठन गरिएको छ ।

समितिको उपाध्यक्षमा अनिल शेर्पा, द्वितीय उपाध्यक्ष चक्र तिमल्सिना, कोषाध्यक्ष कुल लेप्चा र सचिवमा कमल गुरुङलाई चयन गरिएको छ। यसैगरी प्रवक्तामा भरत क्षेत्री, खेलकुद संयोजकमा राहुल श्रेष्ठलाई चयन गरिएको छ । भने, प्रमुख सल्लाहकार हिरालाल श्रेष्ठ रहेका छन् । समितिले आगामी ३० दिनभित्र बाँकी पदाधिकारी चयन गर्नुको साथै वार्षिक कार्ययोजना तयार पार्ने नवगठित समितिका खेलकुद संयोजक राहुल श्रेष्ठले जानकारी दिए । एसोसिएसनले प्रतिभावन खेलाडीहरुलाई खेलक्षेत्रमा निरन्तरता दिन प्रोत्साहन गर्दै नियमित रूपमा विभिन्न खेलकुद गतिविधिहरु आयोजना गर्ने बताइएको छ ।

## ३६ लाख मूल्य बराबरको सुन र चाँदीका गहना बरामद

**कैलाली/मस–** धनगढी उपमहानगरपालिका-२ त्रिनगर (कैलाली कञ्चनपुरको सिमाना) बाट सशस्त्र प्रहरीले आज ३६ लाख बराबरका सुन र चाँदीका गहना बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं ३४ गणको कार्यालय कैलाली, बिओपी त्रिनगर र बिओपी डोकेबजारबाट खटिएको टोलीले भारतबाट अवैध रुपमा भन्सार छली ल्याएको ३६ लाख आठ हजार ४९० बराबरका सुन तथा चाँदी गहनाहरू बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नं ३४ गणको कार्यालयले जनाएको छ ।

बरामद गरी गरगहना राजश्व अनुसन्धान कार्यालय कोहलपुरमा बुझाउने प्रक्रिया भइरहेको बताइएको छ ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७८/१२/०९ गते रातिको १० बजेको समयमा का.जि. कागेश्वरी मनोहरा न.पा.वडा नं ९ खहरेचोकबाट बाग्मती प्रदेश ०२-०२५ प ७६८३ नम्बरको **Pulsar 200 CC P.M. White** रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : हुलास ईन्भेष्टमेन्ट प्रा.लि.(श्रृणी-प्रकाश बुढाथोकी)
च्यासिस नं : MD2A36FX2MCM81757
इन्जीन नं : JLXCMM26308
सम्पर्क नं : ९८२३७७२०७३

## साउदीमा रोजगारको सूवर्ण अवसर ।

**Bakhashab Transport and Trading Co. Ltd.**

पूर्व:स्वीकृति मिति : २०७८/१२/१४ — LT.No: 260533 — चलानी नं.६०१७६७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५५८०० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | १०,००० |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

**अन्तवार्ता कम्पनीको प्रतिनिधिबाट २०७८ चैत्र २२ गते कम्पनिको कार्यालय महाराजगंजमा हुनेछ ।**

**अल-आसमाक्स कम्पनी प्रा. लि.**
महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल
फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३
Email : recruitment@asmacs.com.np
श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५
www.jobs4hunt.com is the road to your succes in your carrer

## कुवेतमा रोजगारको अवसर |

कम्पनी: ENERGY EFFECTIVE KIDS NURSERY
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७६९ — LT. No.: 260512

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Famale) | 0 | 20 | स. काममा दक्ष | 110 | ४३,९७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BAIBHAV OVERSEAS PVT. LTD.**
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७
श्रम इजाजत नं. ३७३/०५९/०६०

## KUWAIT मा रोजगारको अवसर |

कम्पनी: VEVEY SWEET AND BAKERY CO
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/१३ — चलानी नं.: ६०१७६६७४ — LT. No.: 260349

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९,९६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner / General Worker | 56 | 20 | | 90 | ३५,९७६ | | | | | | | |
| 3. | Light Driver | 35 | 0 | | 150 | ५९,९६१ | | | | | | | |
| 4. | Sweet And Pastry Product | 253 | 40 | | 120 | ४७,९६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २३, २४ र २६ गते (6, 7 & 9 April 2022) मा हुनेछ ।**
**र Global Institute of Hotel Management Minbhawan Santinagar मा २०७८ चैत २५ गते (8 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कास्की ओभरसिज प्रा. लि.**
KASKI OVERSEAS Pvt.Ltd — Govt. Lic. No. 1091/073/074
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४४८७७३३, ४४८७७४४,
Email: Kaskioverseasnepal@gmail.com
Mobile: 9840128253,9842937392,9841540530,9841174844

## भोटेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हटिया, सङखुवासभा
प्रदेश नं. १, नेपाल

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०७८/१२/१३ गते)

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय हटिया सङखुवासभामा देहायको पदहरुमा करारमा कर्मचारी आवश्यकता भएकोले यो विज्ञापन प्रकाशन गरिएको छ। ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा र सो दिन बिदा परेमा भोली पल्ट यस कार्यालयमा आवेदन फारम भरी पेश गर्न सकिने छ ।

| सि.नं | विज्ञापन नं | पद | तह | सेवा | माग पद सख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १०-०७८/०७९ | हे.अ. | सहायक पाचौं | स्वास्थ्य | १ | मान्यता प्राप्त शिक्षण सस्थाबाट हेल्थ असिस्टेन्ट कोर्ष उतिर्ण गरेको । |
| २ | ११-०७८/०७९ | अ.हे.ब./अ.न.मी. (अपाङगता रोगथाम तथा पूनर्स्थापना सहजकर्ता) | सहायक चौथो | स्वास्थ्य | २ | मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.हे.ब./अ.न.मी. कोर्ष उतिर्ण गरेको । |

१. आवेदन दिने स्थानः भोटखोला गाउँपालिका स्वास्थ्य शाखा हटिया सङखुवासभा ।
२. छनौट प्रकृयाः लिखित र अन्तरवार्ता ।
३. आवेदन दिने अन्तिम मितिः २०७८/१२/२७ गते
४. उमेरः १८-४० वर्ष ननाघेको (महिला र भिन्न क्षमता भएको व्यक्तिको हकमा १८-४५ वर्ष) ।
५. आवेदन दस्तुरः रु.५००/- भोटखोला गाउँपालिकको ग्लोवल आई एम ई बैंक भोटखोला शाखामा रहेको आन्तरिक राजश्व भोटखोला खाता नं f60401000008 मा जम्मा गरेको भौचर ।
६. सेवा सुविधाः करार सम्झौतामा उल्लेख भए अनुसार ।
७. परिक्षा मितिः २०७८/१२/२७ गते पश्चात निर्णय गरिनेछ ।
८. कार्य गर्नु पर्ने स्थानः १. हे.अ. - हटिया स्वास्थ्य चौकी भोटखोला-३ हटिया सङखुवासभा ।
२. अ.हे.ब./अ.न.मी. - अपाङगता रोगथाम तथा पूनस्थापना कार्यक्रम ।
९. आवश्यक कागजातहरुः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान १, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी थान १, सम्बन्धीत काउन्सिल दर्ता प्रमाणपत्र प्रतिलिपी थान १ ।

**फुर्पु भोटे**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

नोटः आवेदन फारम www.bhotkholamun.gov.np बाट डाउनलोड गरि वा भोटखोला गाउँपालिका स्वास्थ्य शाखाबाट लिन सकिनेछ । अपाङगता रोगथाम तथा पूनस्थापना सहजकर्ता अ.हे.ब./अ.न.मी पदको विज्ञापन - पूनः विज्ञापन गरिएको ।

## साउदीमा रोजगार |

कम्पनी : THE BRANCH OF MAATOOQ HABIB AL BELADI SONS CONTRACTING COMPANY
शहर : HOFUF

पुर्व स्वीकृत मितिः २०७८/०४/०३ — चलानी नं.: ६०१६०२८३ — LT. No.: 241930 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 20 | 0 | | 1800 | ५८,३५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AASHIN OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913

## साउदीमा रोजगार |

१. कम्पनी: AJAA TRADING EXCELLENCE STORE
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१२/१३ — चलानी नं.: ६०१७६७२० — LT. No.: 259895

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MOODY RESTAURANT SALEM AL- SHAMRY CLINIC TO SERVE MEALS — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७३५ — LT. No.: 259894

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 4 | 0 | स. काममा दक्ष | 1400 | ४५,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.**
Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241

## साउदीमा रोजगार |

कम्पनी : TAGHREED OBAIDULLAH ZAYAD AL SHARARI TRANSPORTS
शहर:Saudi

पूर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७३६ — LT. No.: 260009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Work Shop Labour | 2 | 0 | स. काममा दक्ष | 1500 | ४८,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोन: ४४६९३७२, ४४६१०७७

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HISHAM ATTIA SALEH AL-GHAMDI RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृत मिति: २०७८/१२/१३ — चलानी नं.: ६०१७६७३१ — L.T. No.:260133 — शहर: DAMMAM

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chief Assistant | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
पो.ब.नं. ५०९१, अनामनगर, काठमाडौं, नेपाल, फोन: ४७७१०१३
मो: ९८५१०६०१८५, Email: alryannepal@gmail.com

## कतारमा रोजगार |

१. कम्पनी: CRREST INTERNATIONAL CONTRACTING
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६६७६३ — LT. No.: 260571

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition Tech | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | | 2500 | ८३,००० | | | | | | | |
| 3. | Labourer | 5 | 0 | | 1000 | ३३,२०० | | | | | | | |
| 4. | Messenger | 1 | 0 | | 1200 | ३९,८४० | | | | | | | |

२. कम्पनी: GREEN MILE GROUP TRADING — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७६५ — LT. No.: 260570

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition tech | 1 | 0 | स. काममा दक्ष | 2000 | ६६,४०० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३३,२०० | | | | | | | |

३. कम्पनी: DAR ALARQAM — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७६७ — LT. No.: 260425

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Press Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: LAMINATE TRADING AND CONTRACTING — शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/१२/१४ — चलानी नं.: ६०१७६७६८ — LT. No.: 260424

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 1200 | ३९,८४० | | | | | | | |
| 3. | Pipe Fitter | 1 | 0 | | 1200 | ३९,८४० | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 1200 | ३९,८४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २२ गते (5 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

